# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## '1st Himalaya Shumsher Memorial Lecture' सम्पन्न

'1st Himalya Shumsher Memorial Lecture' कार्यक्रम आज काठमाडौंमा सम्पन्न भएको छ । नेपाल राष्ट्र बैंकका संस्थापक गभर्नर स्व. हिमालय शमशेर जबराको स्मृतिमा बैंकले पहिलो पटक उक्त कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रममा प्रमुख वक्ताको रूपमा सम्बोधन गर्दै भारतीय रिजर्व बैंकका गभर्नर श्री शक्तिकान्त दासले 'Central Banking in the 21st Century: Changing Paradigm' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले केन्द्रीय बैंकिङसम्बन्धी स्थापित मान्यतामा विगतदेखि २१औं शताब्दीसम्म भएका परिवर्तन, पछिल्लो पाँच वर्षयता भारतीय अर्थतन्त्रमा भएको सुधारमा रिजर्व बैंकको भूमिकासँगै केन्द्रीय बैंकहरूले भोग्नुपरेका चुनौतीबारे धारणा राख्नुभयो ।

उहाँले सन् २००८ को विश्वव्यापी वित्तीय सङ्कट र कोभिडपछिको अर्थतन्त्रको पृष्ठभूमिमा केन्द्रीय बैंकद्वारा लिइएका नीतिगत व्यवस्थाबारे सङ्क्षिप्त चर्चा गर्दै समष्टिगत आर्थिक स्थायित्वका लागि मूल्य स्थायित्वसँगै वित्तीय स्थायित्व पनि प्राथमिकतामा पर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । मूल्य स्थायित्व हासिल गर्ने केन्द्रीय बैंकको प्रमुख उद्देश्यमा प्रतिकूल असर नपर्ने गरी मुलुकको आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्नेतर्फ समेत मौद्रिक नीति केन्द्रीत हुनुपर्ने धारणा गभर्नर दासले राख्नुभयो । साथै, मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि मौद्रिक तथा वित्त नीतिबीच प्रभावकारी समन्वय हुनुपर्नेमा उहाँले जोड दिनुभयो ।

वित्तीय सङ्कट र अर्थतन्त्रमा देखिएका पछिल्ला चुनौतीको सामना गर्नका लागि केन्द्रीय बैंकहरूसँग परम्परागत मौद्रिक उपकरणसँगै गैर-गैरपरम्परागत उपकरणहरू छनोटको विकल्प रहेको चर्चा उहाँले गर्नुभयो । पछिल्लो समयमा वित्तीय स्थायित्व कायम गर्नका लागि समष्टिगत विवेकशील नियमनका उपायहरू अवलम्बन गर्नेतर्फ केन्द्रीय बैंकहरू अग्रसर देखिन थालेको धारणा गभर्नर दासले व्यक्त गर्नुभयो । साथै, केन्द्रीय बैंक सञ्चारको महत्वबारे उल्लेख गर्दै गभर्नर दासले प्रभावकारी सञ्चार संयन्त्रले मौद्रिक नीतिप्रतिको अपेक्षालाई सम्बोधन गर्न टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो अवसरमा उहाँले जलवायु परिवर्तन, भू-राजनीतिक तनाव, सूचना प्रविधिमा आधारित विकास, कृत्रिम बौद्धिकताको प्रयोगलगायतका विषयबाट सिर्जित चुनौतीबारे चर्चा गर्दै सोको सम्बोधनका लागि विभिन्न नीतिगत उपायसँगै नवप्रवर्तनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।




कार्यक्रममा गभर्नर श्री महाप्रसाद अधिकारीले स्वागत मन्तव्य राख्दै 'Himalya Shumsher Memorial Lecture' कार्यक्रमको अवधारणामाथि प्रकाश पार्नुभयो । पछिल्लो समय सूचना प्रविधि र नवप्रवर्तनको विकाससँगै वित्तीय प्रणालीमा

विश्वव्यापी रूपमै परिवर्तन देखिएको सन्दर्भ उल्लेख गर्दै उहाँले समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने कार्यमा केन्द्रीय बैंकको भूमिका थप महत्वपूर्ण बन्दै गएको धारणा राख्नुभयो । अन्तर्राष्ट्रिय परिवेशमा देखिएका परिवर्तन र आधुनिकीकरणलाई आत्मसात् गर्दै आगामी दिनमा नेपाल राष्ट्र बैंकको भूमिकालाई समेत थप सबल बनाइने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा प्रथम गभर्नर स्व. जबराले मुलुकको आर्थिक, मौद्रिक, वित्तीय तथा सार्वजनिक व्यवस्थापनका क्षेत्रमा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप सम्मान अर्पण गरिएको थियो । कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्यको क्रममा सम्बद्ध सबै पक्षलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा बैंक सञ्चालक समितिका पदाधिकारी, नेपालका लागि भारतीय राजदूत, पूर्व गभर्नर, अर्थविद्, राष्ट्र बैंकका कार्यकारी निर्देशक, निर्देशक तथा अन्य कर्मचारी, बैंकर, पत्रकार, भारतीय रिजर्व बैंकका पदाधिकारीलगायतको उपस्थिति थियो । बैंकको ६९औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा गभर्नर अधिकारीले प्रथम गभर्नर स्व. हिमालय शमशेर जबराको स्मृतिमा यस वर्षदेखि 'Himalaya Shumsher Memorial Lecture' कार्यक्रम आरम्भ गर्ने घोषणा गर्नुभएको थियो ।

स्व. जबरा २०१३ वैशाख १४ देखि २०१७ माघ २५ गतेसम्म बैंकको गभर्नर रहनुभएको थियो । नेपालमा बैंकिङ प्रणालीको नीतिगत व्यवस्थाको तर्जुमा, पूर्वाधार विकास, विदेशी विनिमय प्रणाली, बैंकिङ क्षेत्रको विस्तार र सार्वजनिक व्यवस्थापनका क्षेत्रमा उहाँको योगदान स्मरणीय छ । स्व. जबरा नेपालको प्रथम अर्थसचिवसमेत हुनुहुन्थ्यो । २०७९ माघ २२ गते ९५ वर्षको उमेरमा उहाँको देहावसान भएको थियो ।

**गभर्नरद्वयबीच भेटवार्ता**

नेपाल राष्ट्र बैंकका गभर्नर श्री महाप्रसाद अधिकारी र भारतीय रिजर्व बैंकका गभर्नर श्री शक्तिकान्त दासबीच आजै भेटवार्ता भएको छ ।



गभर्नरको कार्यालयमा आयोजित भेटवार्तामा नेपाल र भारतीबीच भुक्तानी प्रणालीसम्बन्धी अन्तरआबद्धता र हालसम्म भएका प्रगतिसँगै द्विपक्षीय हितका विषयमा छलफल भएको थियो ।

सो अवसरमा बैंकका तर्फबाट डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र श्री बमबहादुर मिश्र, गभर्नरको कार्यालयका कार्यकारी निर्देशक डा. नेफिल मातङ्गि मास्के, भुक्तानी प्रणाली विभागका का.मु. कार्यकारी निर्देशक श्री विनोदराज आचार्य, विदेशी विनिमय व्यवस्थापन विभागका का.मु. कार्यकारी निर्देशक श्री निश्चल अधिकारी, गभर्नरको कार्यालयका निर्देशक डा. डिल्लीराम पोखेललगायतको उपस्थिति थियो भने रिजर्व बैंकका तर्फबाट भुक्तानी तथा सन्तुलन विभागका प्रमुख महाप्रबन्धक गुणवीर सिंहलगायतका अधिकारीहरू उपस्थित हुनुहुन्थ्यो ।